REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 20.04.2024

---

*Voting percentage*

राज्यको एक मात्र लोकसभा सीट र बत्तीस सदस्यीय विधानसभाका लागि हिजो भएको चुनाउमा लगभग एकासी दशमलउ दुई दुई (81.22%)प्रतिशत मतदान भयो ।

गेजिङ जिल्लामा सर्वाधिक तिरासी दशमलउ दुई एक प्रतिशत मतदान रेकर्ड गरियो । जिल्लाका चारवटा समस्टि योक्सम टाशीडिङ, याङथाङ, मानेबुङ देन्ताम र गेजिङ बर्मेकमा गरी जम्मा 74 वटा मतदान केन्द्रहरू सथापित गरिएको थियो ।

त्यसपछि नाम्ची जिल्लामा एकासी दशमलउ आठ छ प्रतिशत मतदान भएको छ । जिल्लाका सातवटा निर्वाचन क्षेत्रहरू बर्फुङ, पोकलोक कामराङ, नाम्ची सिंगिथा, मल्ली, नाम्थाङ रातेपानि, तिमी नाम्फिङ र राङगाङ याङगाङका मतदानहरूका लागि एक सय उन्चालिस मतदान केन्द्रहरू थिए ।

सोरेङ जिल्लाका चारवटा समस्टि रिञ्चेनपोङ, दरमदिन, सोरेङ च्याखुङ र सालघारी जूममा औसत एकासी दशमलउ 81.77 ।

तीमवटा निर्वाचन क्षेत्र कावी लुङचोक, लाचेन मंगन र जंगूमा खड़ा गरिएका बाउन्न मतदान केन्द्रहरूमध्ये पाँचवटा, सम्पूर्ण महिला सञ्चालित मतदान केन्द्र **pink booth र चालिस महिला मैत्री** थिए ।

गान्तोक जिल्लाका संघ लगायत अरू आठ समस्टि तुमिन लिंगि, खामदोङ सिङताम, स्यारी, मार्ताम रूमतेक , अप्पर तादोङ, आरिथाङ, गान्तोक र अप्पर बुर्तुकमा औसत अस्सी दशमलउ पाँच एक प्रतिशत मतदान भएको छ।

छ वटा जिल्लाहरूमध्ये पाकिम जिल्लामा सबैभन्दा कम्ती उनासी दशलमउ नौ पाँच प्रतिशत (79.95%) **मतदान भएको** रिपोर्ट छ ।

जिल्लामा भएका पाँचवटा निर्वाचन क्षेत्रहरूमा जम्मा एक सय नौ मतदान केन्द्रहरू स्थापित गरिएको थियो ।

हिजो मतदान समाप्त भएपछि सिक्किम संसदिय समस्टि लोकसभाका लागि प्रतिदून्दिता गर्ने विभिन्न राजनीतिक पार्टीका र निर्दलीय लगायत जम्मा चौधजना उम्मेदवारहरू अनि बत्तीस सदस्यीय विधानसभाका वागि चुनाउ लड़ने आठजना निर्दलीय लगायत एक सय छ्यालिसजना प्रत्याशीहरूको राजनीतिक भाग्य इलेक्ट्रोनिक भोटिङ मशिनहरूमा बन्द भएको छ ।

विधानसभाका प्रतिदून्दीहरूको आगामी दुई जूनमा र लोकसभाका लागि प्रतिस्पर्धा गर्ने उम्मेदवारहरूका राजनितिक भाग्यको फैसला चार जूनका दिन हुनेछ ।

यसैवीच राज्यभरिका सबै इलेक्ट्रोनिक भोटिङ जिल्ला मशिनहरूलाई सीलवन्द गरी सम्वन्धित जिल्ला अन्तर्गत निर्धारित केन्द्रहरूका स्ट्रङ रूममा कड़ा सुरक्षाका साथ राखिएको छ।

---

## *CM*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले एघारौं विधानसभा र अठारौं लोकसभा चुनाउमा सक्रिय महभागिता र निस्वार्थ योगदानका निम्ति सम्वन्धित सबैप्रति कृतज्ञता वयक्त गर्नुभएको छ।

आफ्नो आधिकारीक फेसबुक पेज मा उहाँले भारतको निर्वाचन आयोग, राज्य निर्वाचन आयोग, भारतीय सेनाका अधिकारी तथा जवानहरू, राज्य प्रशासन, जिल्ला प्रशासन र चुनाउ शान्तिपूर्वक सम्पन्न गराउनमा संलग्न सबैप्रति आफ्नो र पार्टीका सिक्किम क्रान्तिकारी मोर्चा **तर्फवाट आभार प्रकट गर्नुभएको छ।**

सबै उम्मेदवार, विभिन्न पार्टीका नेताहरू, मतदाता, संजोकगण र सम्वध्द सबै व्यक्तिहरूलाई पनि धन्यवाद दिँदै श्री तामाङले लोकतान्त्रिक प्रक्रियाप्रति सबैको उत्साह, प्रतिवध्दता र समर्पण प्रेरणादायी रहेको कुरो बताउनुभएको छ।

---

## *SDF*

सिक्किम प्रजातान्त्रिक मोर्चा **SDF पार्टीले पनि राज्यमा स्वतन्त्र र निस्पक्ष चुनाउ सम्पन्न गराउने भारतको निर्वाचन आयोग र राज्य चुनाउ आयोगको पहलको प्रशंसा गर्दै चुनाउमा सक्रिय सहभागिता**का लागि सिक्किमे जनताप्रति आभार वयक्त गरेको छ।

पार्टीले मतदान कर्मीहरू, सुरक्षाकर्मी र स्वयंसेवकहरू अनि मीडिया कर्मीहरूप्रति पनि कृतज्ञता प्रकट गरेको छ।

---

## *Lok sabha election*

देशमा लोकसभा चुनाउको दोस्रो चरणमा छब्बीस अप्रेलका दिन हुने मतदानका लागि प्रचार तीव्र गतिमा भइरहेछ।

यस चरणमा तेह्रवटा राज्यका अठासी सीटहरूमा मतदान हुनेछ।

यसमा पश्चिम बंगालको दार्जीलिङ संसदीय समस्टि पनि सोमेल छ।

लोकसभा चुनाउको तेस्रो चरणका लागि आज नामङ्कन पत्रहरूको जाँच गरियो।

तेस्रो चरणमा दस राज्य र दुईवटा केन्द्रशासित प्रदेशहरूका चौरानब्बे संसदीय सीटहरूका निम्ति मतदान सात मईमा हुनेछ।

चौथो चरणको चुनाउका लागि नामङ्कन भर्ने काम आउँदो बिहीबारदेखि शुरू हुनेछ।

---

*CII-Conference*

भारतका मुख्य न्यायाधीश डा. डी वाई चन्द्रचूडले भन्नुभएको छ नयाँ आपराधिक कानून लागू हुनुले देश परिवर्तन भइरहेको र अघि बढ़िरहेको कुरो स्पस्ट रूपमा दर्शआउँछ ।

नयाँ दिल्लीमा आज एउटा सम्मेलनलाई सम्वोधन गर्दै उहाँले भन्नुभयो भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता र भारतीय साक्ष्य अधिनियम यी तीनवटै आपराधिक कानून लागू हुनुले देश आफ्नो आपराधिक न्याय प्रणालीमा महत्वपूर्ण परिवर्तन ल्याउनका लागि तयार छ भन्ने कुरो प्रदर्शित हुन्छ ।

आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगमाथि जोड़ दिँदै डा. चन्द्रचूडले भन्नुभयो आपराधिक जाँचका मामिलाहरूमा न्यायपालिकालाई AI को सहयोगले जाँचको प्रगतिमा सहायता पुग्न जानेछ ।

उहाँले भन्नुभयो प्रक्रियाहरूमा असामान्यताको पत्तो लगाउनका लागि आर्टिफिसियल इन्टेलिजेन्सको पर्योग गर्न सकिन्छ ।

मुख्य न्यायाधीशले भन्नुभयो- देशका प्रत्येक नागरिकले अप्नाए मात्र सबै नयाँ कानूनहरू सफल हुन्छन् ।

आफ्नो वक्तव्यमा केन्द्रीय कानून तथा न्याय राज्य मन्त्री श्री अर्जुन राम मेघवालले भन्नुभयो यी कानूनहरूमा अन्लाइन इन जाँच र ई फाइलिङ जस्ता विशेष प्रावधानहरू पनि सामेल छन् ।